CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #८४

२९ ।८ ।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## वैदेशिक रोजगारीमा जानको लागि श्रमिक छनोट प्रकृया

१. रोजगारदाताले गन्तव्य मुलुकको सम्बन्धित मन्त्रालयबाट श्रमिकको मागपत्रलाई प्रमाणित गराउछ।

२. रोजगारदाता वा तिनका आधिकारिक कम्पनीले नेपालका कुटनीतिक नियोगमा श्रमिक मागको कागजात प्रस्तुत गर्छ ।

३. कुटनीतिक निकाय (दुतावास) ले रोजगारदाताको कानूनी र आर्थिक अवस्थाबारे परीक्षण गर्छ ।

४. दुतावासले नेपालबाट कामदार ल्याउन छनोट प्रकृयाका लागि अनुमती प्रदान गर्छ ।

५. वैदेशिक रोजगार विभागबाट पूर्वस्वीकृति प्राप्त हुन्छ ।

६. श्रमिक मागबारे राष्ट्रियस्तरका दैनिक पत्रिकामा विज्ञापन प्रकाशन गरिन्छ ।

७. अन्तरवार्ता/स्वास्थ्य जाँच/बीमा /अभिमुखीकरण हुन्छ ।

८. वैदेशिक रोजगार विभागबाट अन्तिम स्वीकृति प्राप्त हुन्छ ।

९. हवाई टिकट खरिद, गन्तव्य मुलुक प्रस्थान

स्रोत: https://moless.gov.np/wp-content/uploads/2020/03/Labour-Migration-Report-Nepali-2020.pdf

## नेपाल अपडेट



नेपालगञ्ज उप-महानगरपालिका वडा नं. १५ जमुनाहावासी भन्छन्, अब कोरोनाको डर छैन।

तस्विर: लोक बहादुर घर्ती

### परिक्षण

पिसिआर परिक्षण: १८,३६,४६४

पोजेटिभ: २,४९,२४४

उपचाररत: १०,९५५

मृत्यु : १७१६

सन्चो भएका : २,३६,५७३




Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



कोरोना खोपको सफल परीक्षण भएका विश्व समाचारहरु आईरहेकाछन् । कोरोनाको खोप नेपालमा चाहीँ कहिले आँउछ ?

विश्व स्वास्थ्य संगठनको कोभ्याक्सले प्रमाणित गरेपछि मात्रै नेपालमा खोप आउने हो । त्यो भएपछि नेपालले भण्डारण गर्न मिल्ने खोप ल्याउने हो । १४ वर्ष भन्दा कम उमेरका लागि कोरोनाको खोप बनेको छैन । जुन नेपालको कुल जनसंख्याको करिब २८ प्रतिशत हो । बाँकी जनसंख्यालाई सरकारले खोप लगाउने तयारी गरिरहेको छ । त्यस अन्तरगत कोभ्याक्स फ्यासिलिटी अन्तरगत २० प्रतिशत जनसंख्यालाई खोप उपलब्ध हुनेछ । त्यस बाहेक, खोप विकास क्रममा रहेका मध्ये गुणस्तरयुक्त, लागत कम, पूर्वाधारमैत्री एवं विद्यमान कानुन बमोजिम उपलब्ध गराउन खोप सल्लाहाकार समितीको सल्लाहामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रकृया अगाडी बढाईरहेको छ । अहिले नै आइहाल्छ भन्ने छैन ।

स्रोत: https://cutt.ly/shPXz3d



नेपालीहरु भिजिट भिषामा गएर विदेशमै काम गर्ने र अलपत्र पर्न थालेपछि सरकारले भिजिट भिषानै बन्द गर्नलागेको हो ?

सरकारले भिजिट भिषा बन्द गरेको हैन । भिजिट भिषामा विदेश जाने नेपालीले भिषाको दुरुपयोग गरेको र त्यसरी गएकाहरु अलपत्र परेको ठहर गर्दै सरकारले अध्यागमन कार्यविधि संशोधन सहित केही नयाँ नियम थप गरेर कडाई गर्ने गृहकार्य अगाडि बढाएको छ । भिजिट भिषामा जाने नेपालीको हकमा अब थपिने कार्यविधि संशोधनमा भिजिट अवधिभरको लागि बीमा गर्नुपर्ने, घुम्न जानेको उद्देश्य, घुम्न जान सक्ने क्षमता खुल्ने खालका आधार थप्ने गरी गृहकार्य भइरहेको छ ।

स्रोत: रमेश कुमार केसी, महानिर्देशक, अध्यागमन विभाग



अझै पनि कोभिड - १९ का बिरामीका लागि अस्पतालमा आईसियु र भेन्टीलेटर पाईदैन नी ?

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दिएको तथ्यांक हेर्ने हो भने देशभरी करिब २८०० आईसियु बेड र १००० भेन्टिलेटर रहेकाछन् । कोभिड - १९ कै उपचारको लागि भनेर ४९० आईसियु बेड थप्नकोलागि कार्य भईरहेको पनि भनेकोछ । यदि आईसियु वा भेन्टिलेटरको सेवा चाहिने बिरामी भए मन्त्रालयको हटलाईन नम्बर ११३३ मा पनि सम्पर्क गर्न सकिन्छ ।

स्रोत: https://drive.google.com/file/d/1FNJHQq7KUsgs9t-VPjYN4zv2maLp2Eu1/view



सार्वजनिक खर्चमा मितव्ययिता सम्बन्धी मापदण्ड लागु भएपछी लकडाउनको समयमा अग्रपंक्तिमा खटिएका सुरक्षाकर्मीको जोखिम भत्ता रोकिएको हो ?

कोभिड - १९ को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारमा खटिएका सुरक्षाकर्मीको जोखिम भत्ता रोकिएको छैन । २०७६ साल चैत्र १६ गतेको निर्णय अनुसार खटिएका सुरक्षकर्मीको जोखिम वर्गिकरण सहितको अभिलेख सम्बन्धित सुरक्षा निकायबाट प्रमाणित गरी प्राप्त भएपछि अर्थ मन्त्रालयले स्रोतको उपलब्धताको आधारमा निकासा दिन बाधा नपर्ने जनाएको छ ।

स्रोत: https://cutt.ly/KhPTifi

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,५९,८८८ संक्रमित | १,४६,२१८ संक्रमित | ८८,४९५ संक्रमित | १,४०,९६१ संक्रमित | १,८४,९४९ संक्रमित | १,२६,२४० संक्रमित | ७३,४७५ संक्रमित | ४३,४८४ संक्रमित |
| ५,२५० नेपाली संक्रमित | २,१५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २७,४१२ नेपाली संक्रमित | ४,५०० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २७ नेपाली संक्रमित |
| ८४ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## यूएईमा सर्वसाधरणलाई कोभिड - १९ को भ्याक्सिनेसन दिन सुरु

यूएईमा सर्वसाधरणलाई कोभिड - १९ को भ्याक्सिनेसन दिन सुरु गरिएको छ । यूएईमा बिभिन्न अस्पताल र हेल्थ केयरमा दिन लागिएको यो भ्याक्सिन २ पटक लगाउनु पर्ने हुन्छ । पहिलो पटक लिएको २१ दिनमा दोश्रो भ्याक्सिन लिनु पर्ने हुन्छ ।

- अहिलेको लागी भ्याक्सिन VPS हेल्थकेयर र NMC हस्पिटलसँग सम्बन्धित हस्पिटलहरुमा लिन पाईन्छ ।
- दुबईमा, दुबई पार्कस् एक रिसोर्टस् फिल्ड हस्पिटल, सारजाहमा, वेस्ट मेडिकल सेन्टरमा साँझ ४ बजे देखी राति ९ बजे सम्म ।
- अज्मानमा अल हमिदिया सेन्टरमा बिहान ९ बजे देखी मध्यान्ह १२.३० सम्म र साँझ ५ बजे देखी राती ८.३० बजेसम्म ।

उम अल क्विन र फुजेरामा अल बाईट मेतवाहिद सेन्टर र मुरासिद मेडिकल सेन्टरमा पनि यो सेवा उपलब्ध हुने छ । यसको लागि तपाईले पहिले नै समय बुक गर्नुपर्नेछ । यसको लागि फोन ८००५५४६, WhatsApp ०५६५३८००५५ साथै मिनिस्ट्री अफ हेल्थ एन्ड प्रिभेन्सनको नंम्बर ८००५० मा सम्पर्क गर्न सकिनेछ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल असार मसान्तसम्म गुर्भाकोट नगरपालिकाले कोरोना नियन्त्रण, रोकथाम तथा प्रतिकार्यमा गरेको खर्चको विवरण




गुर्भाकोट नगरपालिका, सुर्खेतले कोरोना नियन्त्रण, रोकथाम तथा प्रतिकार्यमा २०७७ साल असार मसान्त सम्म गरेको खर्च सार्वजनिक गरेको छ । माथिको ग्राफमा नगरपालिकाले करिब ५५ लाख रकम औषधी र स्वास्थ्य उपकरण खरिद गर्न खर्च गरेको देख्न सकिन्छ, जुन यो महामारीको समयमा राम्रो खर्च मान्न सकिन्छ । खर्चको ठुलो हिस्साक्वारेन्टाईन तथा आईसोलेशन सञ्चालनमा गएको देखिन्छ । यसले बजेटको बाँडफाँडका ध्यान दिएको भन्न सकिन्छ । महामारीको बेलामा अग्रपंक्तिमा खटिने कर्मचारीले आफ्नो ज्यान दाउमा लगाएर काम गरेकाले जोखिम भत्तामा गरिएको ५६ लाख खर्चलाई पनि सकारात्मक मान्न सकिन्छ । तर, राहत वितरणमा भएको ४० लाख खर्चमा भने प्रश्न उठाउन सकिन्छ राहत वितरणमा भएको खर्चलाई पारदर्शी बनाउन राहत वितरण गरेको व्यक्ति र रकमको विस्तृत विवरण सार्वजनिक गर्न भने जरुरी छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# फ्रन्टलाईनर्स भोईसेस

## निर्मला ब्लोन



मनहरी गाउँपालिका स्वास्थ्य शाखा

"म एक संक्रमित भइसकेको व्यक्ति पनि हुँ । मैले अहिले पनि केहि असर भोग्दै आएकी छुँ । कतिपयले कोरोना केही पनि होइन भनेर लापरवाही पनि गर्दै आएकाछन् । म हेर्दा स्वस्थ देखिए पनि, मलाई कोरोना संक्रमण भइहाल्यो । त्यसको असर अहिले पनि मैले भोग्दै आएकी छुँ । यसलाई ठुलो त्रास र डरका रुपमा पनि लिनु हुदैन र यो केहि पनि होइन भनेर पनि लिनु हुदैन । मलाई कोरोनाले यति कमजोर बनायो कि, मेरो शरिरमा केही पनि शक्ति छैन जस्तो महसुश भएको थियो ।"

## सावित्रा ढकाल



अहेव, हेटौडा अस्पताल

"सुरुमा कोरोना भनेको के होला, कस्तो रोग होला भनेर म पनि आत्तिएकी थिएँ । म अस्पतलामै काम गर्ने भएर पनि होला, अब कसरी काम गर्ने होला भनेर धेरै चिन्तित थिएँ । सुरुमा स्वास्थ सर्तकता धेरै अपनाए पनि धेरै डर लाग्दथ्यो । तर, बिस्तारै डर हराउदै गएको छ । दिनभरी काम गरेर घरमा पुग्दा पनि सबै स्वास्थ्यका मापदण्ड पालना गर्दै आएकी छुँ । पूर्ण स्वास्थ्य मापदण्ड पालना गरेरनै होला, सँगै कामगर्ने केही कर्मचारीलाई कोरोना लागे पनि मलाई अहि( लेसम्म लागेको छैन ।"

## डा. सागर काफ्ले



इन्चार्ज, कोभिड - १९ उपचार तथा व्यवस्थापन केन्द्र, हेटौडा

"अहिले मैलेमात्र होइन, सामान्य नागरिकले पनि कोरोना भाइरसलाई स्विकार्न थालेका छन् । धेरैजसो मानिस सचेत हुँदै गएकाछन् । सुरुमा कोरोना संक्रमण हुने बित्तिकै सबैजसो बिरामी अस्पताल भर्ना हुने गरिएको भएपनि अहिले भने लक्षण देखिएका र गाह्रो भएका बिरामीलाई मात्र भर्ना गर्ने गरिएको छ । कोरोन( ाबाट मृत्यु भएका समाचार आइरहेकाछन्, तर कारोना लाग्ने बित्तिकै व्यक्तिको मृत्यु भैहाल्ने हैन । बेलैमा अस्पताल तथा स्वास्थ्यकर्मीको सम्पर्कमा आएर उपचार गर्यो भने कोरोनाबाट मृत्यु हुदैन । "

# कोभिड - १९ का सक्रिय संक्रमित मध्ये धेरै होम आईसोलेशनमा

छुट्टा छुट्टै प्रदेशमा होम आईसोलेशन, आईसियु र भेन्टिलेटरमा रहेका कोभिड - १९ का सक्रिय संक्रमितको संख्या




माथिको ग्राफमा छुट्टा छुट्टै प्रदेशमा होम आईसोलेशन, आईसियु र भेन्टिलेटरमा रहेका कोभिड - १९ का सक्रिय संक्रमितको संख्यालाई देखाईएको छ । जम्मा सक्रिय संक्रमित मध्ये करिब ५७ प्रतिशत संक्रमित होम आईसोलेशनमा रहेकाछन् । त्यसै गरेर करिब ४० प्रतिशत सक्रिय संक्रमित अस्पताल वा संस्थागत सेवामा रहेकाछन भने जम्मा तिन प्रतिशत सक्रिय संक्रमित भने आईसियु तथा भेन्टिलेटरमा सेवा लिईरहेकाछन् । अहिले ठुलो संख्यामा सक्रिय संक्रमित समुदायमै रहेको छ । त्यसैले अहिले सरकारको प्राथमिकता आईसोलेशन केद्रले मापदण्ड पुरा गरेकाछन्, सबैले स्वास्थ्य सेवा पाईरहेकाछन् र बिरामीले सुरक्षित महसुस गरेकाछन् भन्ने कुराको सुनिश्चितता गर्नेमा हुनु पर्दछ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219